# हलेसी तुवाचुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.स. ०७६/७७ — दुर्छिम, खोटाङ
च.नं. — १ प्रदेश, नेपाल

**विषय : कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७६।०५।२३ गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस खोटाङ जिल्लामा सुरक्षित आप्रवासन परियोजना (Safer Migration Program) अन्तरगत **हलेसी तुवाचुङ नगरपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता रहेको हुनाले अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आब्हान गरिएको छ ।

**१. पद : मनोसामाजिक परामर्शकर्ता १ जना** (आवश्यक योग्यता तथा अनुभव) :

न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । परियोजना लागु हुने स्थानीय तहको स्थानीय बासिन्दा र महिलालाई प्राथमिकता दिईनेछ ।

**२. पद : बित्तिय साक्षरता सहजकर्ता १ जना** (आवश्यक योग्यता तथा अनुभव) :

न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा वस्यक शिक्षा, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । परियोजना लागु हुने स्थानीय तहको स्थानीय बासिन्दा र महिलालाई प्राथमिकता दिईनेछ ।

**३ पद : रिटर्नी स्वयंसेवक, (३ जना)** (आवश्यक योग्यता तथा अनुभव) :

न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष वा सो भन्दा माथी काम गरेको अनुभव भएको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

**कार्य अवधि:** हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको फोटोकपी, अनुभवको प्रमाणपत्र कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको ब्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी सहित आफुले **आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई रु १००० (एक हजार) फिर्ता नहुने गरी यस कार्यालयको राजश्व रसीद काटी सम्बन्धीत कार्यपालिकामा पेश गर्नु** पर्नेछ । समय भन्दा पछि आएका आवेदनहरुको मूल्यांकन गरिने छैन ।

**छनौट प्रक्रिया**

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिने छ । सम्बन्धीत स्थानीय तहको निर्णय नै अन्तिम निर्णय हुनेछ । अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** यो सूचना प्रकासित भएको मितिले पन्ध्र दिन भित्र ।

**विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना :** हलेसी तुवाचुङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, दर्छिम, खोटाङ ।